वनको साझेदारी व्यवस्थापन प्रणालीले ल्याएको विवाद

■ ध्रुव पौडेल

नेपालको मध्य पहाडी क्षेत्रमा सामुदायिक वन (सा.व.) निकै सफल भएको कुरालाई कसैले नकार्न सक्दैन । यसको सफलताको कारण नेपालले अन्तर्राष्ट्रिय जगतमा पनि प्रशस्त प्रशंसा बटुलेको छ । हालसम्म प्राप्त सफलताको आधारमा नेपालको सा.व. व्यवस्थापन प्रणाली नमुनाको रुपमा अन्य मुलुकमा पनि प्रयोग भइरहेको छ । तर तराई क्षेत्रको वन संरक्षण, सम्बर्धन र लाभांशको वितरणमा सरकारले हालसालै अगाडि सारेको साझेदारी वनको अवधारणाले भने गर्भमा नै विवादको सामना गर्न पुगेको छ । सरकारी पक्ष साझेदारी वनको अवधारणलाई प्रयोग र अनुभवको आधारमा नेपाल अधिराज्यभरि नै बिस्तार गर्ने कुरामा मानसिकरुपमा अगाडि बढ्ने तयारीमा जुटेको देखिन्छ भने सा.व. उपभोक्ता महासंघ र अन्य नागरिक समाज साझेदारी वन माथि प्रश्न गरिरहेको छन् ।

सरकारले आज भन्दा ३ वर्षअगाडि अर्थात् विक्रम सम्वत् २०५७ देखि तराई, चुरे र भित्री मधेसका सरकारद्वारा व्यपस्थित वन क्षेत्रलाई सम्बद्ध सबै सरोकारवालाहरुको सहभागिता र साझेदारीमा व्यवस्थापन गर्ने गरी "वनको साझेदारी व्यवस्थापन प्रणाली"को अवधारणालाई अगाडि सारेको हो । सोही अवधारणा अनुरुप वन क्षेत्रको व्यवस्थापनमा सरोकारवालाहरुको हितलाई प्रवर्द्धन गर्ने र विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासनका सिद्धान्त तथा नीतिहरु अनुसार उनीहरुको अधिकतम सहभागितालाई सुनिश्चित गर्ने उद्देश्यले सो वनको साझेदारी व्यवस्थापन दिग्दर्शन २०६० वन तथा भू-संरक्षण मन्त्रालयले तयार पारिसकेको छ । विगतमा सरकारद्वारा लागू गर्न खोजिएको वन व्यवस्थापन समेत प्रभावकरी हुन नसकेको यथार्थलाई उजागर गर्दै यी क्षेत्रका बहुमूल्य वन तथा वनजन्य सम्पदाहरुको उपयुक्त ढङ्गले व्यवस्थापन गरी वन क्षेत्रको दिगो विकास, वन उत्पादकत्वमा अभिबृद्धि, जैविक विविधताको संरक्षण र सम्बर्द्धनमा सघाउ पुगोस् भन्ने हेतुले सबै सरोकारवालाहरुसँगको व्यापक छलफल र सहमतिको आधारमा सो दिग्दर्शन तयार पारिएको दावी वन तथा भू-संरक्षण मन्त्रालयले गरेको छ ।

सा.व. को माध्यमबाट अधिराज्यका पहाडी तथा हिमाली क्षेत्रमा वन क्षेत्रको विकास, संरक्षण र सम्बर्द्धनमा प्राप्त भएको सफलता उल्लेखनीय रही आएको कुरालाई सो दिग्दर्शनले स्वीकार गरेको भए पनि तराई, चुरे तथा भित्री मधेसका क्षेत्रहरुमा सा.व. को व्यवस्थापनमा केही कमजोरीहरु देखापरेका कुरा उल्लेख गरिएको छ । त्यही कमजोरीलाई औंल्याएर ती क्षेत्रका वन व्यवस्थापनमा बेग्लै पद्धति र दृष्टिकोण अवलम्बन गर्न सरकारले वाञ्छनीय देखेको छ भन्ने कुरा अन्दाज गर्न सकिन्छ ।

साझेदारी वन व्यवस्थापनमा परियोजनाहरुको भूमिका

साझेदारी वन व्यवस्थापनको सरकारी अवधारणालाई अगाडि बढाउन विभिन्न दातृसंस्थाहरु लागिपरेका छन् । नेपाल सरकार र नेदरल्याण्ड सरकारको दुईपक्षीय सम्झौता अनुसार स्थापना भएको तराई, चुरे तथा भित्री मधेसको लागि जैविक विविधता संरक्षण क्षेत्र कार्यक्रम (Biodiversity sector programme- BISEP) तराईका वारा, पर्सा र रौतहट जिल्लामा वनको साझेदारी व्यवस्थापन प्रणालीको नमुना परीक्षणको लागि अगाडि बढिसकेकोले बाइसेप (BISEP) र सरकारको धारणामा समान भएको कुरा वन विभागका महानिर्देशक जमुनाकृष्ण ताम्राकारले

बताउनु भयो । यसै गरेर नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लाहरुमा बेलायत सरकारको सहयोगमा जीविकोपार्जनका लागि वन कार्यक्रम (Livelihoods and forestry programme-LFP Terai) अन्तरगत प्रारम्भिक कार्यहरु सुरु भैरहेको छ ।

सन् २००२ को जुलाईबाट यसको नमुना परीक्षण सुरु हुनुपर्ने भनिएता पनि प्राविधिक कारणले गत डिसेम्बरमा मात्र नेपाल र नेदरल्याण्ड सरकार बीच सम्झौता भई यही वैशाखबाट मात्र नमुना परीक्षणको काम सुरु गरिएको बाइसेप-एसटीका कार्यक्रम अधिकृत हरिहर सिग्देलले जानकारी दिनुभयो । नमुना परीक्षणको लागि बारा, पर्सा र रौतहटका चार क्षेत्रको छनौट गरी वाराको एक ठाउँमा मात्र मधुवन साझेदारी वन समूह गठन भैंसकेको बाइसेप-एसटीले जनाएको छ । पर्सामा समूह गठन हुने काम अन्तिम चरणमा पुगेको छ । त्यसैगरी रौतहट र वारा जिल्लाको अरु क्षेत्रमा समूह गठन गर्ने प्रारम्भिक चरण सुरु हुन लागेको छ । यी चार क्षेत्रको सम्भाव्यता अध्ययन गर्नका लागि परामर्शदाताको छनौट हुँदैछ, एल.एफ.पी. (LFP) तराई क्षेत्रका सल्लाहाकारका अनुसार साझेदारी वन व्यवस्थापन नेपाल सरकारको वन व्यवस्थापन सम्बन्धी नीति मध्ये एउटा मात्र हो । एकातिर काम सुरु भैसकेको छ भने सुरुआतसँगसँगै आम उपभोक्ता र सरकार बीच कार्यक्रमको यस नमुना परीक्षणको लागि प्रस्ताव गरिएको छ किनकी यसको निर्णयको निमित्त अनुगमनको आवश्यकता हुन्छ । विषयमा विवाद उत्पन्न भएको छ । विवादले बिस्तारै उग्ररुप लिने सम्भावना पनि टड्कारोरुपमा देखा परिसकेको छ । परीक्षणलगत्तै अधिराज्यभरि यसलाई लागू गर्ने तयारीमा सरकारी पक्ष जुटेको छ भने अर्को तिर सा.व. उपभोक्ता समूहहरुको छाता संगठन सा.व. उपभोक्ता महासंघ (FECOFUN) ले नमुना परीक्षणको समेत विरोध गरिरहेको छ । सा.व. बाट सरकारी अधिकारीहरुले पैसा असुल्न नपाएको तथा सा.व. को सफलताबाट अत्तालिएर यसलाई असफल देखाउने प्रयासमा वन कर्मचारी जुटेको उनीहरुको आरोप छ ।

दक्षिण वा टाढाका उपभोक्ताको स्थिति

तराईको वन क्षेत्र पहाड र हिमाली क्षेत्रको तुलनामा अत्यन्तै ठूलो भएकोले एउटा निश्चित समुदायले यसको उचित व्यवस्थापन गर्न नसक्ने सरकारी पक्षको धारणा रहेको छ । तराईको उत्तरी क्षेत्रमा घना वन रहेकोले वन नजिकका बासिन्दाको मात्र वनमा प्रत्यक्ष रुपमा पहुँच हुन्छ । टाढाका बासिन्दाको पहुँच नरहने भएकोले उनीहरुलाई पनि सो वनको हिस्सेदारको रुपमा सहभागी गराउने उद्देश्यले यो अवधारणा ल्याइएको ती कर्मचारीहरुको तर्क छ । बाइसेपका योजना अधिकृत रामानन्द शाहले भन्नुभयो-"जङ्गल एकातिर र बस्ती अर्कोतिर छ, भारतीय सीमासम्मका बासिन्दाको स्रोत चाहिँ त्यही वन हो । त्यसैले तराईका सबै बासिन्दालाई समेट्नको लागि वनको साझेदारी व्यवस्थापन प्रणाली ल्याउनु परेको हो ।" त्यसैगरी तराईको वनबाट सीमा क्षेत्र नजिक भएकोले त्यहाँबाट चोरी निकासी

उपभोक्ता वर्गिकरण

सबै खाले उपभोक्ताहरुको उपभोग तथा योगदानका आधारमा वर्गिकरण गरी समूह गठन गर्न उपयुक्त हुन्छ । टाढाका उपभोक्ताहरुले दैनिक उपभोग्य सामाग्रीको उपभोग गर्न सक्दैनन् भने उनीहरुलाई 'ख' वर्गमा राख्न सकिन्छ । जुन वर्गले दैनिक संरक्षण र सम्वर्धन गरिरहेका छन् उनिहरुलाई 'क' वर्गमा राख्न सकिन्छ जसले घाँस दाउरा, पात पतिङ्गर र काठ लैजान्छ । 'ख' वर्गका उपभोक्ताहरु जसले केही संरक्षण र सम्वर्धनमा पनि सहयोग गर्छन् उनीहरुले काठ र दाउरा मात्रै लैजान्छन् । 'ग' वर्गका उपभोक्ताले नियमानुसार काठ मात्रै लैजान्छन् । सा.व. मा नै त्यो किसिमको संयन्त्र बनाउने आम उपभोक्ता समूहहरुको धारणा रहेको छ ।

रोक्नको लागि पनि सीमा क्षेत्रसम्मका उपभोक्तालाई समेट्नु पर्ने आवश्यकता उहाँ देख्नुहुन्छ ।

तराईमा सा.व. असफल भएको कुरालाई मान्न फेकोफन तयार छैन । तराईको वनमा दक्षिणतिर उपभोक्ताको पहुँच भएन भन्ने कुराको प्रतिकार गर्दै महासंघका महासचिव भोला भट्टराई दक्षिणी भेकका बासिन्दाले दैनिक उपभोग्य वस्तुको लागि सो वनको उपभोग नगरेको बताउनुहुन्छ । पहाडतिरबाट बसाइँ सराइ गरेर आएका वन क्षेत्र नजिक बसोवास गर्ने र भारततिरबाट बसाइँ सराइ गरेर वनभन्दा टाढा बसोवास गरिरहेका दक्षिणतिरका बासिन्दाहरुका बीच फुट ल्याउने षड्यन्त्र भएको दाबी गर्दै उहाँ भन्नुहुन्छ-"सरकारले तल्लो भेककालाई उचालेर हामी बीचको सम्बन्धलाई आँच पुऱ्याउने काम गर्दैछ ।"

तराईको तल्लो भेकका केही घरकुरीयाहरु राजमार्ग माथिका सा.व.हरुमा उपभोक्ता बनेका उदाहरणहरु पनि छन् । जस्तै नवलपरासीमा दिब्यपुरी गाउँ विकास समिति माथिको अमर सा.व. मा करिब ४,५ किलोमिटर परका मुसहर र थारुहरु समावेश भएका छन् । दामनको वनमा २५ किलोमिटर दक्षिणका उपभोक्ता ल्याउनु पर्छ भन्ने सरकारी भनाइ सोह्रै आना अव्यवहारिक भएको कुरा भट्टराई बताउनुहुन्छ ।

टाढाका उपभोक्तालाई सा.व. दिनु हुँदैन भनेर सा.व. नीतिले भनेको छैन । जिल्ला वन आपूर्ति र टिम्बर कर्पोरेसन जस्ता वन पैदावारको वितरणको व्यवस्था मिलाउन गठित सरकारी निकायले समेत अहिलेसम्म पुऱ्याउन नसकेको कुरालाई सा.व. ले पुऱ्याएन भनेर दोष दिनु गलत भएको टिप्पणी गर्दै सो आपूर्ति सा.व. बाट कसरी गर्न सकिन्छ भन्ने तर्फ लाग्नुको सट्टा कसरी आफ्नो स्वार्थ पूरा गर्ने भनेर सरकारी पक्ष लागेको छ भन्ने उहाँको कथन छ ।

सा.व. ले दक्षिणतिरका बासिन्दालाई वन पैदावार उपलब्ध गराएन भन्ने कुरामा उहाँले आफ्नो तर्क राख्दै भन्नुभयो- रुपन्देहीमा ८% वन मात्रै समुदायलाई हस्तान्तरण भएको छ । कपिलवस्तुमा र नवलपरासीमा क्रमशः ०.२% र ०.३४% राष्ट्रिय वनको हिस्सा सा.व. उपभोक्ता समूहलाई हस्तान्तरण भएको छ । यति थोरै सरकारी वन सामुदायलई हस्तान्तरण गर्ने र शतप्रतिशत उपभोक्तालाई आपूर्ति गरेन भनेर दोष लगाउनु आफैंमा आपत्तिजनक कुरा हो । शतप्रतिशत वन समुदायलाई हस्तान्तरण गरोस् न अनि शतप्रतिशत उपभोक्तहरुलाई पुग्छ कि पुग्दैन ? करिब ०.२% वन हस्तान्तरण गरेर शत प्रतिशतलाई आपूर्ति गरेन भनेर सा.व. लाई दोषारोपण नगर्न वहाँले सरकारी पक्षलाई अनुरोध गर्नुभयो ।

तराईमा पूर्णरुपमा सा.व. हस्तान्तरण भएको छैन । रुपन्देही कपिलबस्तु र नवलपरासीमा मात्रै करिब २०० सा.व. हस्तान्तरण हुन अझै बाँकी छ । उनीहरुको विधान दर्ता भएको छ तर वन कार्ययोजना बनाएर सरकारले वन हस्तान्तरण गरिदिएको छैन । नवलपरासीको गैडाकोट गाविसमा पर्ने नन्दन, मौलाकाली, जयश्री सा.व. उपभोक्ता समूहले वर्षौंदेखि घाँस पालन गरिरहेको छ, बाख्रापालन गरिरहेको छ, जडिबुटी उत्पादन गरिरहेको छ, ठूला ठूला भवनहरु बनाएको छ, तर यदि खोज्दै जाने हो भने उनीहरु कानुनीरुपमा गलत ठहरिन्छन् किनकि यस्ता वनलाई हस्तान्तरण गर्नेतर्फ नलागेर वि.सं. २०५३ सालदेखि कार्ययोजना बनेको छैन, यत्रो समयसम्म अन्योलमा राख्ने काम सरकारबाट भएको छ भन्दै उहाँ रोस व्यक्त गर्नुहुन्छ ।

सरकारद्वारा व्यवस्थित वन नेपालमा छँदै छैन भने पनि हुने भट्टराईको विचार छ । यसअघि सरकारद्वारा सागरनाथ वन विकास परियोजना, नेपालगञ्ज वन परियोजना लागू गरेर वनको व्यवस्थापन गर्न खोजे पनि असफल भएको छ । सोही परिप्रेक्ष्यमा वनको साझेदारी व्यवस्थापनको

रुपमा अर्को नयाँ कार्यक्रम ल्याउनु उपयुक्त होइन । अर्कातर्फ सा.व. आफैमा सफल कार्यक्रम भएकोले पुनः अर्को साझेदारी अवधारणा किन ल्याउनु परेको हो ? जबकि सो प्रार्थमिक कार्यक्रमको सम्भावना हुदाँहुदै पनि त्यसलाई बेवास्ता गरिनु अवश्य पनि राम्रो कुरा होइन ।

सा.व. मा सम्पूर्ण कामहरु उपभोक्ताहरुले स्वतन्त्ररुपमा गर्न पाउँछन् । जबकि साझेदारी वनमा आगोलागी नियन्त्रण गर्ने काम, गाई बस्तुलाई छेकवार गर्ने काम उपभोक्ताले गरिदिनु पर्छ । त्यसको विपरित साझेदारहरुमा उनीहरुको कुनै पनि निर्णायक भूमिका रहँदैन । किन कि वन सम्बन्धी सम्पूर्ण निर्णय चाहिँ जिल्ला वन समन्वय उप-समिति (जि.व.स.स.) ले गर्दछ । विकासको अवधारणामा जन सहाभागिता भन्ने कुरा विश्वव्यापी रुपमा अगाडि बढिरहेको बेलामा वनको बारेमा निर्णय गर्ने उपभोक्ताको अधिकारलाई खोस्न खोजेको स्पष्ट छ र नयाँ कार्यक्रम मार्फत उपभोक्तालाई दास बनाउन लागिएको कुरा महासंघका सचिव श्री भट्टराई बताउनु हुन्छ ।

साझेदारी वन व्यवस्थापनमा श्रोतबाट प्राप्त हुने लाभको वितरण तथा आम्दानीको बाडँफाँट गर्दा उपभोक्ताहरुको वन पैदावरको आवश्यकतालाई प्राथमिकता दिनु पर्ने भनिएको भए पनि काठ दाउरा बिक्रि वितरणबाट आएको राजश्वको ७५% सर्वसंचित कोषमा जम्मा हुनेछ र बाँकी २५% स्थानीय स्तरमा जम्मा गर्नुपर्ने कुरा दिग्दर्शनमा उल्लेख गरिएको छ । यसका साथै स्थानीयस्तरमा जम्मा हुने २५% को बाडँफाँट सम्बन्धित जि.व.स.स. को निर्णयअनुसार गर्नु पर्नेछ । जुन रकम आजभन्दा अघि सरकारद्वारा संरक्षित वन पैदावरबाट प्राप्त आम्दानीको १०% मात्र स्थानीय स्तरमा खर्च गरिदै आएकोले वनको साझेदारी व्यवस्थापन प्रणालीमा यो रकममा अरु १५% थप हुन आउने अधिकृत हरिहर सिग्देलको भनाई छ । पहाड र हिमाली क्षेत्रको तुलनामा तराईको वन क्षेत्रफल कैयौं गुना ठूलो भएकोले त्यसबाट प्राप्त हुने रकमको २५% पहाडी क्षेत्रको सम्पूर्ण रकमको तुलनामा निकै बढी हुने उहाँको तर्क छ, तर स्थानीय स्तरमा जाने भनिएको रकमको बाँडफाँटको अधिकार पूर्णरुपमा जि.व.स.स. लाई छोडिएको छ । सो रकम डि.एफ.सी.सी.मा रहने हो कि, जिल्ला विकास समिति वा गाउँ विकास समितिमा जाने हो भन्ने कुरा स्पष्ट नभएकोले उपभोक्ताले कुनै प्रतिफल पाउन नसक्ने महासंघका सचिव भट्टराईको विचार छ । ९ जनाको कमिटिमा ३३% चाहिँ वन कर्मचारी नै हुन्छन् । यसका साथै सदस्य सचिव सहायक वन अधिकृत नै हुन्छन् । जसले गर्दा यसको निर्णयमा उपभोक्ताको कुरा सुनिने आधार कतै पनि देखिदैन भने गरिब, महिला तथा पिछाडिएका वर्गको त प्रतिनिधि पनि हुँदैन । सा.व. बाट प्राप्त सम्पूर्ण आम्दानी विकास निर्माण र वन संरक्षणमा प्रयोग भइरहेको छ ।

सरकारी धारणा अनुसार अधिराज्यका ७५ जिल्लामा वनका कार्यालयहरु छन् । त्यसको सेवा लिन उपभोक्ताले आम्दानीबाट केही रकम तिरेनन् भने सरकारले विदेशीको मुख ताक्नु पर्छ । व्यापारिक प्रयोजनबाट उत्पादन भए पछि सरकारलाई प्राविधिक र अनुगमनको खर्च दिनु पर्ने राय राख्दै अधिकृत शाह भन्नुहुन्छ-"तराईको वन उत्पादनशील छ, अनि सरकारको ढुकुटीमा पनि त पैसा आउनु पऱ्यो नि ।" काठमाडौं आउने सबै वन पैदावार तराई क्षेत्रबाट आउने भएकोले तराईको सम्पूर्ण वन सामुदायलाई हस्तान्तरण गर्दा राजधानी आउने वन पैदावार समेत बन्द हुने उहाँको दाबी छ ।

उपभोक्ता महासंघको दृष्टिमा वनको साझेदारी व्यवस्थापनको नमुना परीक्षण कालमा नै कैयौं कमी कमजोरी पाइएको छ । साझेदारीको अवधारणालाई सफल देखाउनको लागि बाइसेपद्वारा आधारभूत सर्वेक्षणमा (Baseline survey) आफ्नो अनुकूल उत्तर आउने प्रश्नावली तयार

पारिएको छ । भट्टराईले अगाडि थप्नुभयो-"विश्लेषण पनि आफ्नै अनुकूल गरियो । यी सबै जनताको आँखामा छारो हाल्ने कुरा मात्र हो ।"

साझेदारी वन व्यवस्थापन प्रणाली लागू गर्न थालिएको ठाउँहरुमा स्थानीय उपभोक्ताहरुलाई सा.व. को बारेमा जानकारी नै नदिई सीमित टाठा-बाठालाई अध्ययन भ्रमण गराउने, गोष्ठिहरुमा पैसा बाँड्ने जस्ता लोभ लालसा देखाएर उपभोक्ताको रुपमा आफ्नो कब्जामा ल्याउने प्रयास गरिरहेका छन् । "हरेक कुरामा उनीहरुले पैसा बगाइरहेका छन् । पैसाले खरिद गरेर यसलाई स्थायित्व त दिन सकिदैन नि ?", उपभोक्ताहरुको गुनासो छ-"अहिले पैसा भइञ्जेल बाँड्छन् । नेपालको माया विदेशीलाई होइन हामीलाई हुन्छ । उपभोक्तालाई जागरुक गराउने काममा पैसा लगाएको भए हामी त्यो कुरा मान्ने पक्षमा थियौं ।"

वन ऐनको दफा २५ मा अरु वन व्यवस्थापनको योजनाभन्दा सा.व. व्यवस्थापनलाई प्राथमिकता दिनु पर्छ भनेको छ । यो कुरामा आँखा चिम्लेर साझेदारी वनको अवधारणा ल्याइएको छ । सरकारी पक्ष भने तराई क्षेत्रमा सा.व. असफल भएको हुनाले तराईको लागि विकल्पको रुपमा साझेदारीको अवधारणालाई नमुनाको रुपमा परीक्षण गरिएको उनीहरुको कथन छ । तराईमा सा.व. असफल हुनुमा सरकार नै बढी जिम्मेवार भएको उपभोक्ताहरुको राय छ । अहिलेसम्म वारा, पर्सा र रौतहटमा करिब ५% वन पनि समुदायलाई हस्तान्तरण गरिएको छैन । हस्तान्तरण भैसकेको ठाउँमा राम्रो भएको र हस्तान्तरण हुन बाँकी भएका सा.व. मा केही चुनौती भए पनि त्यो चुनौतीहरु समुदाय र नीति निर्माताहरुको प्रयासले सजिलै समाधान हुने उपभोक्ताको विश्वास छ ।

तराईको वनको क्षेत्रफल धेरै ठूलो भएकोले उपभोक्ताहरुको प्रयास मात्र पर्याप्त नहुने हुदाँ साझेदारमा उपभोक्ताको अतिरिक्त सरकारी र गैह्रसरकारी निकायको साझेदारीको आवश्यकता भएको बताइन्छ । तर रुपन्देहीको चारपाला सा.व. ले ४० हजार उपभोक्तालाई फाइदा पुऱ्याएको यथार्थ पनि हामीबाट छिपेको छैन । अनि वन पैदावारको चोरी निकासीको नियन्त्रणको कुरामा जि.व.स.स. (९ जनाको समिति) ले चाहिँ नियन्त्रण गर्न सक्ने तर त्यहींका उपभोक्ताले चाहिँ नसक्ने भन्ने कसरी हुन्छ भनेर उपभोक्ताहरु प्रश्न गर्छन् । यी विभिन्न कारणहरुले गर्दा सा.व. फेकोफन वनको साझेदारी व्यवस्थापनको विरुद्धमा लागेको देखिन्छ । उनीहरुकाअनुसार पछिल्लो अवस्थामा जनस्तरमा साझेदारी वनको विरुद्ध चरणबद्ध आन्दोलनको तयारीमा सा.व. का उपभोक्ताहरु लागेका छन् । उनीहरुले तीन जिल्लामा आन्दोलन सुरु गरिसकेका छन् र अरु तीन जिल्लामा पनि सहजकर्ता परिचालन गरेर काम अगाडि बढाइ रहेको जनाएका छन् ।

(लेखक पत्रकार हुनुहुन्छ ।)